# मनाङ डिस्याङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हुम्डे, मनाङ
### गण्डकी प्रदेश, नेपाल

## रोजगार संयोजक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७७/०५/२४**

यस मनाङ डिस्याङ गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक र प्राविधिक सहायक पदपुर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसीद सहित स्वयं उपस्थित भै वा इमेल मार्फत यस कार्यालयमा निवेदन दिनुहुन सूचित गरिन्छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | रोजगार संयोजक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |
| २ | ०२/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

**रोजगार संयोजकका लागि**

क) मान्यता प्राप्त विश्विवधालय वा शैक्षिक संस्थावाट प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको।

ख) कम्तीमा १८ वर्ष पुरा भई ४५ ननाघेको।

ग) आधारभूत कम्प्यूटर सीप भएको।

घ) भविश्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसूरदार नठहरिएको।

**प्राविधिक सहायकको लागि**

क) सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह, ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको

ख) पूर्वाधार निर्माण मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण वा अन्तिम लागत विवरण तयार गर्न सक्ने, विश्लेषण गर्न सक्ने, अनुभव प्राप्त साथै पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

ग) आधारभूत कम्प्यूटर सीप भएको।

घ) उमेरः कम्तीमा १८ वर्ष पुरा भई ४५ ननाघेको।

२. **दरखास्त दिने स्थानः** मनाङ डिस्याङ गाउँपालिकाको कार्यालय, हुम्डे, मनाङ

३. **दरखास्त दिने अन्तिम मितिः** प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समय सम्म

४. **दरखास्त दस्तुरः** रु. ६००

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा।

६. **आवेदन साथ संलग्न कागजातहरुः**

क) स्पष्ट संग रितपुर्वक भरिएको आवेदन फाराम (आवेदन फारम गाउँपालिकाको वेभसाइटवाट डाउनलोड गर्न सकिने छ।)

ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कम्प्युटर सिपको प्रमाणपत्र वा अनुभवको प्रमाण, अनुभवको प्रमाण (आवश्यक पर्नेमा) र २ प्रति पासपोर्ट साईजको फोटो।

ग) राष्ट्रिय बाणिज्य बैंक मनाङ शाखामा रहेको आन्तिरक राजश्व खाता ( ग १.१) खाता नं. ३५६०१००३०१०१०००२ मा राजश्व तिरेको वैंक भौचर।

७. **सेवा सुविधाः** प्रचलित कानून बमोजिम हुनेछ।

९. **सम्पर्कको लागिः** www.nesyangmun.gov.np, manangngisyangrmun@gmail.com , मोवाइल नं. ९८४६०३५३३४, ९८५६०२९६७२ (कार्यालय समयमा मात्र )

**प्रमुख प्रशासकीय अधिकृत**